**एजेण्डाहरु :-**

१. अख्तियारिनामा सम्बन्धमा ।
२. स्थानीय पूर्वाधार विकास कार्यक्रमको बजेट संग लागत साझेदारी गर्ने सम्बन्धमा ।
३. सडक बोर्ड नेपालको योजना बाँडफाँड सम्बन्धमा ।
४. ग्रावेल, गाडी धुने ग्यारेज तथा प्रीफ्याब भवन निर्माण गर्न बजेट व्यवस्था गर्ने सम्बन्धमा ।
५. कोलमुडा-चाप सडकका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
६. वाह्य खोप केन्द्र निर्माणका लागि अपुग बजेट व्यवस्थापन सम्बन्धमा ।
७. ठेक्का लाईसेन्स सम्बन्धमा ।
८. घ वर्गको निर्माण व्यवसायी कार्यविधि संशोधन सम्बन्धमा ।
९. मर्मत सम्भार कोषबाट सडक ग्रावेल गर्ने सम्बन्धमा ।
१०. फोहरमैला व्यवस्थापन गर्ने कार्यका लागि भएको सम्झौता संशोधन सम्बन्धमा ।
११. नगरपालिकाको MTMP निर्माण गर्ने सम्बन्धमा ।
१२. बास्कोटा सडकको नाली निर्माण सम्बन्धमा ।
१३. मालाखेती अस्पतालको फार्मेसी भवन सम्बन्धमा ।
१४. आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल विद्यालय कर्मचारी यूनियनको तर्फबाट कमल प्रसाद खतिवडा समेत ११३ जनाले यस नगरपालिकाको नाममा सर्वोच्च अदालत काठमाण्डौंमा उत्प्रेषण परमादेश लगायत अन्य जो आदेश गरिपाउ भनी दिएको निवेदन पत्रको लिखित जवाफ फर्काउन यस कार्यालयको तर्फबाट यस कार्यालयमा खरिदार पदमा कार्यरत श्री बालकृष्ण जोशीलाई अख्तियारीनामा दिने निर्णय गरियो ।

**निर्णय नं २ :**

स्थानीय पूर्वाधार विकास कार्यक्रमको बजेट संग यस गोदावरी नगरपालिकाले तपशिलका योजनामा लागत साझेदारी गरी कार्य गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | योजनाको नाम | नि.क्षे.वि.का.ले व्यर्होने रकम रु. | नगरपालिकाले व्यर्होने रकम रु. | कूल रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ढल निकास वडा नं. १ | ४०,००,०००/- | ३७,००,०००/- | ७७,००,०००/- | |
| २ | कोली कटान वडा नं ६ | ३४,००,०००/- | ३४,००,०००/- | ६८,००,०००/- | |
| ३ | गेटा बरबट्टा वडा नं. ५ | १०,००,०००/- | १०,००,०००/- | २०,००,०००/- | |
| ४ | सर्पदंश उपचार केन्द्र वडा नं ३ | १०,००,०००/- | ५,००,०००/- | १५,००,०००/- | |
| ५ | शेहरी स्याउले सडक वडा नं. ९ | ५०,००,०००/- | ३५,००,०००/- | ८५,००,०००/- | |
| ६ | बोहरा टोल | १०,००,०००/- | ० | १०,००,०००/- | |
| | **कूल रकम रु.** | | | २,७५,००,०००/- | |

**निर्णय नं ३ :**

यस गोदावरी नगरपालिकाले सडक बोर्ड नेपालबाट प्राप्त हुने योजनाको रकम तपशिल बमोजिमका योजनाहरुमा विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. रिङ्गरोड सडक मर्मत वडा नं. २ ।
२. चापसल्ली सडक वडा नं. १२ ।

३. मालाखेती अस्पताल वडा नं. ३ ।
४. वरपिपल गल्ली कल्भर्ट वडा नं. १ ।
५. ............................................
६. .............................................
७. ..............................................

**निर्णय नं ४ :**

यस गोदावरी नगरपालिका कार्यालय अगाडी पट्टी रहेको औद्योगिक सुरक्षा बलको उत्तर पट्टि रहेको स्थानमा ग्रावेल गर्ने, गाडी धुने ग्यारेज निर्माण गर्ने र हल सहितको प्रिफ्याब भवन निर्माणका लागि लागत अनुसार आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

यस गोदावरी नगरपालिका वडा नं. १२ कोल्मुडा चाप सडक मर्मतका लागि रकम रु. ४,९५,०००/- (अक्षरुपी रु. चार लाख पन्चानब्बे हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :**

यस गोदावरी नगरपालिकाको वाह्य खोप केन्द्र निर्माणको लागि रकम विनियोजन भएको रकम रु. ६,००,०००/- (अक्षरुपी रु. छ लाख मात्र) बजेट बाट वडा नं. ४ हाटखोलीमा निर्माण गर्ने र थप अपुग रकम रु. २,५०,०००/- (अक्षरुपी रु. दुई लाख पचास हजार) थप विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं ७ :**

यस गोदावरी नगरपालिकामा घ वर्गको निर्माण व्यवसायी ईजाजत प्राप्त गरिपाउ भनी आएका निवेदन उपर छलफल गर्दा मापदण्ड पुरा गरेका तपशिलका निर्माण व्यवसायीलाई घ वर्गको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. नायल कन्स्ट्रक्सन, गो.न.पा

**निर्णय नं ८ :**

यस गोदावरी नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र कार्यविधि २०७४ मा आवश्यक संशोधनका लागि अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :**

यस गोदावरी नगरपालिकामा रहेको मर्मत सम्भार कोषबाट नगरपालिकाका विभिन्न स्थानमा नगरपालिकाको टिप्पर प्रयोग गरी खाल्डाखुल्डी पुर्ने, ग्रावेल नभएको ठाँउमा ग्रावेल गर्ने र थप ग्रावेल भण्डार गरी राख्ने निर्णय गरियो ।

**निर्णय नं १० :**

यस गोदावरी नगरपालिका र मातृभूमि समाज नेपाल बिच भएको फोहरमैला व्यवस्थापन सम्बन्धी भएको सम्झौता संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ :**

यस गोदावरी नगरपालिकाको MTMP निर्माणका लागि रकम रु. १०,००,०००/- (अक्षरुपी रु. दश लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ :**

यस गोदावरी नगरपालिका वडा नं ४ बास्कोटा जाने सडकको कालोपत्रेका लागि टेण्डर गर्दा बाँकी रहेको रकम रु. ३०,००,०००/- (अक्षरुपी रु. तिस लाख मात्र) सोही सडकमा नाली निर्माणका लागि निर्माण उपभोक्ता समिति मार्फत काम गराउने र गेटा सडक कालोपत्रेका लागि टेण्डरबाट बाँकी रहेको बजेटबाट ह्युमपाईप क्रसिङ्ग राख्ने कार्यका लागि सोही बजेटबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ :**

यस गोदावरी नगरपालिका अर्न्तगत रहेको मालाखेती अस्पतालको फार्मेसी भवन निर्माणका लागि अपुग भएको बजेट रु. २,००,०००/- (अक्षरुपी रु. दुई लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :**

यस गोदावरी नगरपालिका वडा नं. १२ बस्ने आशा बादीले बादी टोल बस्ने फुररे बादीको श्रीमती शान्ता बादीको सुत्केरी व्यथा लागि अत्याधिक रक्त श्रावका कारण सेती अञ्चल अस्पतालमा मृत्यू भएकोहुदा मृतकका ५ वटा छोराछोरी सानासाना रहेको र निजको श्रीमान बिरामीका कारण काम गर्न नसक्ने भएकोले निजलाई आर्थिक सहायता वापत रकम रु. २५,०००/- (अक्षरुपी पच्चीस हजार मात्र) दिने निर्णय गरियो ।